नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)
बारा, कलैया

Email:daobara33700@gmail.com
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६६
:०५३-५५०४३३
फ्याक्स नं.:०५३-५५००००

पत्र संख्याः-प्र.शा.०७९/८०
चलानी नं.-

मितिः- २०७९।०४।१३

## राष्ट्रिय परिचयपत्र सम्बन्धी सूचना

यस कार्यालयबाट सेवाग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र प्राप्तीको लागि फोटो खिचाउने कार्यक्रमलाई थप व्यवस्थित र मर्यादित बनाउने सिलसिलामा मिति २०७९।०४।१५ गते देखि लागु हुने गरी निम्नानुसारको व्यवस्था गरिएको हुँदा सो साँग सम्बन्धित निम्न लिखित आवश्यक कागजातहरुको सक्कल प्रति लिई यस कार्यालयमा समय भित्र सेवा प्राप्त गर्नु हुन अनुरोध छ ।

तपशिलः-

१. राष्ट्रिय परिचयपत्रको अनलाईन आवेदन फारम आ-आफ्नो पालिकाबाट निःशूल्क रुपमा भरी जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयमा उपस्थित हुने।

२. टोकन अनुसार दैनिक अधिकतम १२० जनालाई राष्ट्रिय परिचयपत्रको वितरण ~~गर्न~~ गरिनेछ ।

३. सक्कल नागरिकताको प्रमाण-पत्र ।

४. विवाहितको हकमा विवाह दर्ताको सक्कल प्रमाण-पत्र ।

५. एकल तथा सम्बन्ध विच्छेदको हकमा सो खुल्ने सक्कल प्रमाण-पत्र ।

६. जन्म मिति नखुलेको(वर्ष मात्र उल्लेख भएको) नागरिकता प्रमाण पत्र भएमा उमेर खुल्ने सरकारी तथा अन्य कागजात वा शैक्षिक प्रमाणपत्र सक्कल ।

७. बसाई सराई गरी आएकाको हकमा सक्कल दर्ता प्रमाण-पत्र ।

८. बसाई सराई गरी आएकाको हकमा नागरिकता प्रमाणपत्र जारी जिल्लाबाट नागरिकताको अभिलेख प्रमाणित गरेको हुनुपर्नेछ ।

९. यस अघि राहदानी जारी भई सकेको भए सो को सक्कल प्रति ।

कृष्ण बहादुर कटुवाल
प्रमुख जिल्ला अधिकारी